बलेफी गाउँपालिका
Balephi Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of the Rural Municipal Executive
बलेफी, सिन्धुपाल्चोक / Balephi, Sindhupalchowk
बागमती प्रदेश, नेपाल / Bagmati Province, Nepal

पत्र संख्या (F/Y): २०८१/०८२
चलानी नम्बर (Ref. No.):
मिति (Date): २०८१/०९/२८

## गृहिणी महिला सशक्तीकरण कार्यक्रम सञ्चालन सम्बन्धी सूचना !!!

प्रस्तुत बिषयमा बागमती प्रदेश, सामाजिक विकास मन्त्रालयको आ. व. २०८१/०८२ को स्वीकृत कार्यक्रम अन्तर्गत गृहिणी महिला शसक्तिकरण कार्यक्रम कार्यान्वयनका लागि **"गृहिणी महिला सशक्तीकरण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८०"** बमोजिम यस बलेफी गाँउपालिका छनौट भएको छ । यसै सन्दर्भमा कार्यविधिको दफा ४ तथा मन्त्रालयको मिति २०८१/०९/२६ को पत्र बमोजिम तपशीलमा उल्लेखित योग्यता (आधार) भएका गृहिणी महिला सशक्तीकरण कार्यक्रममा सहभागि हुन इच्छुक गृहिणी महिलाहरुले कार्यविधिको दफा ५ बमोजिमका **तालिम तथा व्यवसायका विषयक्षेत्र** बमोजिमका तालिममा सहभागिताका निम्नानुसार कागजात सहितको निवेदन यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र सम्बन्धित वडा कार्यालयमा पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

**संलग्न गर्नुपर्ने कागजातहरु:**

१. सम्बन्धित गृहिणी महिलाको निवेदन
२. नागरिकताको प्रतिलिपी
३. पासपोर्ट साइजको फोटो - २ प्रति

**सहभागी छनौटका आधारहरु:**

१. बलेफी गाँउपालिकाभित्र स्थायी बसोबास गर्ने,
२. गृहिणी महिला वा गृहिणी महिला समूह (समूह भएमा यस कार्यालयमा दर्ता भएको हुनु पर्ने),
३. कुनै स्थायी वा करार सेवामा कार्यरत नभएको,
४. बिस वर्ष पुरा गरि पचपन्न बर्ष ननाघेको,
५. विपन्न दलित, सिमान्तकृत, लोपोन्मुख, अल्पसङ्ख्यक, शहिद परिवार, एकल महिला अपाङ्गता भएका महिला, बेरोजगार र आर्थिक रुपले विपन्न महिलालाई प्राथमिकताका आधारमा सहभागी गराइनेछ ।

२०८१/०९/२८
प्रमुख प्रशासकिय अधिकृत

**बोधार्थ/कार्यार्थ :**
श्री वडा कार्यालयहरु (१-८ सबै): कार्यविधि अनुसार निवेदन संकलन एवम् छनौट गरि पेश गर्नुहुन।